

# फुटबल

## विश्वको प्रिय खेल

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र



# फुटबल
## विश्वको प्रिय खेल

नताशा भिजकारा

यो किताब
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा सेभ द चिल्ड्रेनले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३ पाठ्यक्रम विकास केन्द्र

# विषय सूची


फुटबल के हो ? ६

फुटबल कहिले सुरु भयो ? ८

फैलँदो खेल १३

विश्वकप १५

शब्द अर्थ १८




गोल !!! एउटा टिमले गोल गर्छ र दर्शकको भिड उत्तेजित हुन्छ । फुटबल खेलाडी र दर्शक दुवैका लागि रोमाञ्चक छ ।

यो खेल के हो ? विश्वभरका देशले यसलाई किन यति धेरै मन पराउँछन् ?




## फुटबल के हो ?


फुटबल दुई टोलीद्वारा खेलिन्छ । अर्को समूहतर्फको मैदानमा रहेको गोलपोस्टमा गोल नहुँदासम्म प्रत्येक टिमका खेलाडीले भकुन्डोलाई लत्याउँछन् । विपक्षी टिमले गोल हुन नदिने प्रयास गर्छन् । निर्धारित समयभित्र धेरै गोल गर्ने टोलीले खेल जित्दछ ।





एउटा टोली ११ देखि १८ जना खेलाडीले बनेको हुन्छ । कलिला खेलाडी भएका टोलीमा ५ देखि ८ खेलाडी हुन सक्छन् ।



फुटबलमा खेलाडीले खुट्टा र टाउकाले बललाई हान्दछन् । यो एउटा कठिन सिप हो । सहजै दौडन सक्ने र छिटो प्रतिक्रिया जनाउन सक्ने खेलाडी भएका टोलीले प्रायः खेल जित्दछन् ।



## फुटबल कहिले सुरु भयो ?

प्राचीन समयमा धेरै देशहरूले फुटबल फरक फरक रूपमा खेले । यद्यपि विज्ञहरूले सबैभन्दा पहिले फुटबल चीनमा खेलिएको मान्दछन् ।



इशापूर्व ३०० मा चिनियाँ सैनिकहरूले कुजू भनिने खेल खेले । कुजूको अर्थ 'भकुन्डो हान्नु' हुन्छ । उनीहरूले छालाको भकुन्डोलाई खुट्टाले हानेर रेशमको कपडामा बनाइएको एउटा सानो प्वालमा छिराउँथे ।




कुज् पछि जापानमा फैलियो र केमरी भनियो । यो कोरियामा पनि फैलियो, जहाँ यसलाई चुक गुक भनियो ।



जापानको तान्जान मन्दिरमा केमरी


फुटबल एउटा प्रतिस्पर्धात्मक खेलका रूपमा बेलायतमा विकास भयो । सन् १५०० तिर सार्वजनिक विद्यालयहरूले यो खेलका नियम बनाए । बेलायतका विद्यार्थी बाल बालिकाले शारीरिक तन्दुरुस्ती कायम राख्न फुटबल खेले । उनीहरूले जनावरको पिसाब थैलीमा हावा भरेर बनाइएको भकुन्डो प्रयोग गरे ।





# फैलँदो खेल


त्यसपछिका शताब्दीहरूमा यो खेल युरोपभरि फैलियो र संसारभर पुग्यो । अहिले संसारभरका बाल बालिका र वयस्कहरू फुटबल खेल्दछन् ।





अहिले २०८ देशमा फुटबल खेल व्यावसायिक रूपमा खेलिन्छ । उनीहरू अन्तर्राष्ट्रिय फुटबल महासङ्घ (फिफा) का सदस्य हुन् ।
फिफा विश्वको सबैभन्दा ठुलो व्यावसायिक फुटबल सङ्गठन हो ।






# विश्वकप

फिफाले प्रत्येक चार वर्षमा विश्वकपको आयोजना गर्दछ । यसका सदस्य राष्ट्रहरूका फुटबल टोलीले विश्वको सर्वोत्कृष्ट फुटबल टोलीको उपाधिका लागि प्रतिस्पर्धा गर्छन् ।






विश्वकपले विभिन्न देशलाई एकै ठाउँमा ल्याउँछ । उनीहरूले आफ्ना टोलीलाई समर्थन गर्दछन् । उनीहरू आफ्नो देशका टोलीलाई उत्साहित बनाउन नारा घन्काउँछन् ।






पछिल्लो विश्वकप जर्मनीले सन् २०१४ मा जितेको थियो । यो विश्वकपका खेलहरू दक्षिण अमेरिकाको ब्राजिलमा सम्पन्न भएका थिए । ती खेलहरू हेर्न करिब ३५ लाख फुटबल प्रशंसकहरू ब्राजिल पुगेका थिए ।





# शब्द अर्थ

| | | |
|---|---|---|
| **सङ्गठन** | – | एउटा साझा उद्देश्यका लागि एकीकृत भएका मानिसहरूको समूह |
| **विज्ञ** | – | एउटा क्षेत्रका सिपहरूको बृहत् ज्ञान भएको मानिस |
| **रक्षा गर्नु** | – | कसैमाथि वा केहीमाथि गरिएको आक्रमणलाई रोक्नु |
| **व्यावसायिक** | – | समय बिताउन मात्र नभई पैसा कमाउने मुख्य पेसाका रूपमा निश्चित क्रियाकलापहरूमा सक्रिय रहने |
| **दर्शक** | – | प्रदर्शनी, खेल वा अन्य कार्यक्रम हेर्ने मानिस |

## पाठकका निम्ति प्रश्नहरू

१. फुटबल कसरी खेलिन्छ ? फुटबल खेल्दा तिमीले शरीरका कुन कुन अङ्ग प्रयोग गर्न सक्छौ ?

२. फुटबलको आविष्कार कहाँ भएको थियो ?

३. फुटबल पहिलो पटक वास्तविक खेल कहाँ बन्यो ?

४. विश्वकप के हो ?

५. के तिमीले विश्वकप वा अन्य कुनै फुटबल खेल हेरेका छौ ?

६. तिम्रो मनपर्ने टोली कुन हो ? तिम्रो मनपर्ने खेलाडी को हो ? यो टोली र खेलाडीलाई किन यति धेरै मन पराउँछौ ?